# ज्ञानज्योति

आध्यात्मिक तथा नैतिक जागृतिका लागि समर्पित

वर्ष : १५ अंक : ०१ | मासिक | २०७१ श्रावण


## मृत्यु- एउटा स्वादिष्ट मसला

✍ब्रह्माकुमार रामलखन, शान्तिवन, आबुरोड

मलाई यस जिन्दगीसँग चिन्ता छैन, भगवान्द्वारा पुनर्जन्मको वरदान मिलेको छ । सूफी शायर रुमीका अनुसार पुनर्जन्म भगवान्को अनुपम उपहार हो । सबै मानिस यसरी नै जिन्दगी गुजार्न चाहन्छन्, जसद्वारा खुशीको द्वार खुलोस् । परमात्मा पनि मानवको दुःख दर्द हेर्न सक्नुहुन्न त्यसैले त हर यात्रालाई सुन्दर तथा रमाइलो बनाउनका लागि पुनर्जन्मजस्तो अनौठो वरदान दिनुभएको छ । जसरी अन्धकार भगाउनका लागि दीप जलाइन्छ त्यसरी नै सुख-शान्तिका प्यासी आत्माहरू मृत्यु हुनेबित्तिकै कर्मानुसार बालपिण्डमा प्रवेश गर्दछन् । पुनर्जन्मपछि बाल्यकाललाई जीवनको स्वर्णिम समय भनिन्छ । स्वयं संचालित यो शाश्वत विधान लौकिक मानिसका लागि कष्टदायी पक्ष लाग्छ यसैले मृत्युदेखि सबै डराउँछन् । अलौकिक आत्माहरूका लागि मृत्यु एउटा मसला हो । यसले जीवनको यात्रालाई जीवन्त बनाइरहन्छ ।

जीवात्माले जब शिवको सान्निध्यद्वारा उत्थान-पतनलाई बुझ्दछ तब पुनर्जन्म सर्पले काँचुली फेरेसमान स्फूर्तिदायक बन्दछ । यो पुनर्जन्मको सुन्दर रहस्यलाई बुझेका कारण नै सुकरात, क्राइस्ट आदिले हाँस्दै-हाँस्दै मृत्युलाई वरण गरेका थिए । स्वतन्त्रता संग्रामका पक्षधरहरूले पनि फाँसीलाई चुम्बन गर्दै स्वीकार गरेका थिए । प्रजापिता ब्रह्माको आध्यात्मिक उचाइ जीवन छँदै मरेर विकारी जीवनबाट अनमोल ब्राह्मण कुल-भूषण बन्नु हो । यही जीवनमा मरेर बाँच्नु अर्थात् देवी-देवताजस्तै कमलवत् फक्रिनु । यसले जन्म-जन्मको वासनालाई धोएर आत्मचिन्तन र परमात्मा मिलनको परम सुख दिइरहन्छ । आलस्य समाप्त भएर अविरल आत्म दीप जागिरहन्छ । सम्मोहनजस्तो विशेष विधिद्वारा यदि अचेतन मनलाई खोल्ने हो भने पूर्व जन्मका अनेक स्मृतिहरूलाई पाउन सकिन्छ । पाइथोगोरस र प्लेटोले भनेका छन्– पुनर्जन्मलाई रोक्नु छ भने कर्मको अविनाशी प्रवाहलाई रोक्नुपर्छ, जो असम्भव छ । कर्म संन्यासीहरूले पनि त खाने, पिउने, सुत्ने, उठ्ने काम त गर्छन् नै । दुःखी वा सुखी हुनु शरीरलाई होइन आत्मालाई नै अनुभव हुन्छ । अविनाशी आत्मा भूतकालमा वा भविष्यमा नहुने हो भने वर्तमानमा कसरी हुन्छ ? इन्द्रिय वा शरीर नष्ट हुँदा पनि आत्माद्वारा अनुभव गरिएका विषयको स्मृति रहिरहन्छ । आत्माको कारणले नै जीवन छ ।

अव्यक्त आत्माको जानकारीका लागि स्टेनगनद्वारा घायल एक मरणासन्न अमेरिकन सैनिकलाई सम्पूर्ण प्रूफ काँचको कोठामा बन्द गरियो । धेरै मानिसहरूले तडपिँदै गरेका सैनिकलाई देखिरहेका थिए, अनेकौं मूवी क्यामराले हर क्षणको चित्र खिचिरहेका थिए । एकै छिनमा त्यहाँबाट प्रकाशको लहर निस्कियो र सिसा तोड्दै त्यो उड्दै गरेको प्रकाश बाहिर निस्कियो, सैनिक शान्त भयो, चल्न छोड्यो । यी कुरालाई बुझेर जसले आफूलाई आत्मा सम्झिएर भौतिकता नभई आध्यात्मिकतालाई अधिक महत्त्व दिन्छ ऊ नै देव तुल्य बन्दछ । अखण्ड-निष्पाप आत्माको विनाश हुनै सक्दैन । सम्पूर्ण जगत्को स्वामित्व प्राप्त गरेर पनि आत्म स्वरूपलाई गुमाइयो भने जीवन कौडीतुल्य बन्छ । आधुनिकतम वैज्ञानिक यन्त्रद्वारा आत्मालाई जति जान्न खोजे पनि जान्न वा देख्न सकिदैन । परन्तु आत्मालाई मान्ने सबै धर्मले पुनर्जन्मलाई पनि मान्दछन् । आफ्नो अनुकूलको शरीरमा आएर, आत्माले जीवनको खेल खेल्नै पर्छ । पाप धेरै छ भने ऊ आत्मालाई त्यस्तै दुःखी र अशान्त परिवारतर्फ आकर्षण हुन्छ । पुण्य कर्मले सम्पन्न आत्मालाई अवश्य पनि सुखी-समृद्ध-चरित्रवान् परिवारतर्फ आकर्षण हुन्छ । सारा संसार नै कर्म विधानको आधारमा बाँधिएको हुन्छ ।


प्रारब्ध कर्मानुसार नै सखी-सम्बन्धी, धन-पुत्र आदि प्राप्त हुन्छन् । राजाले आफ्नो नोकरलाई राजपद दिदैन । नोकरी पुरुषार्थद्वारा मिल्दछ तर प्रारब्ध भयो भनेन टिक्नसक्छ । कसैलाई दुःख नदिइकन, चापलुसी नगरिकन र आत्मामा क्लेश उत्पन्न नगरिकन जो मिल्छ त्यो नै असल हो । कर्मविना शरीर यात्रा पनि बन्द हुन्छ । यसैले कोही पनि मानिस कर्मविना एकक्षण पनि रहन सक्दैन ।

इस्लामले पनि भन्दछ– 'रुहे इन्सानी'को (आत्माको) नै पुनर्जन्म हुन्छ । राग-द्वेष अभिमानको वशमा आत्मामा अनेकौं कर्मको संस्कार परिरहन्छन् । पशु-पन्छी, कीरा फटेङ्ग्राले त आफ्नो संवेगद्वारा कर्म गरेर तुरन्त फल प्राप्त गर्दछन् । जो माता-पिताको माध्यम भएर उत्पन्न हुन्छ अनि पृथ्वी-जल-वायु-अग्नि-आकाशद्वारा बनेर ज्ञानेन्द्रिय तथा कर्मेन्द्रियद्वारा कर्म गर्दछ उसलाई नै कर्म बन्धनी मनुष्य भनिन्छ ।

मृत्युको समयमा मनुष्यको सूक्ष्म शरीर आफ्नो संस्कारको साथमा सुकेका पतिङ्गरसमान उड्दै यस्तो गर्भपिण्ड भएको ठाउँमा पुग्दछ जहाँ

बाँकी २ पेजमा

## शुभकामना सन्देश



सत्य ज्ञानको प्रकाशले समस्त पाठकवृन्दमा निरन्तर ज्ञानामृत प्रवाह गरी सेवा दिइरहेको ज्ञानज्योति मासिक पत्रिकाले आफ्नो ईश्वरीय सेवाको सफलतापूर्वक १४ वर्षको कार्यावधि पूरा गरेर १५ वर्षमा प्रवेश गरेको यस सुखद घडीमा अत्यन्तै हर्ष एवं खुशी अनुभूति भइरहेको छ । सूचना-संचारको वर्तमान युगमा सत्य आध्यात्मिक ज्ञान र राजयोगको श्रेष्ठतम विधिलाई जन-जनसम्म पुर्‍याउन ज्ञानज्योति पत्रिका एक सशक्त माध्यम बनेको कुरा सिद्ध हुँदै गइरहेको छ । आध्यात्मिक तथा नैतिक जागृतिका लागि समर्पित रहने उद्देश्य अनुरूप पत्रिकामा प्रकाशन हुने गरेका लेख र विषय वस्तुलाई परिपूर्ण गर्न प्रतिबद्धताका साथ प्रयत्नशील रहेको प्रतीत हुन्छ ।

सूचना प्रवाह विस्फोटनको यस युगमा मिडिया मार्फत सकारात्मक एवं नकारात्मक दुवै पक्ष विस्तृत रूपमा प्रकाशन हुने वर्तमान परिवेशमा ज्ञानज्योति पत्रिकाले केवल सकारात्मक पक्ष र शाश्वत मूल्यलाई मात्रै प्रधानता दिएर आफ्नो सेवा दिइरहेको यथार्थताले महानता र गौरवको अनुभव हुने गर्दछ । वास्तवमा समाजमा व्याप्त नकारात्मक पक्षहरूको परिवर्तनका लागि सकारात्मक ज्ञान, जागृति र चेतनाका पक्षलाई निरन्तर प्रकाशन र प्रसारण गर्नाले नै दिगो कालका लागि उत्कृष्ट परिवर्तन गर्न सकिनेछ ।

आगामी दिनहरूमा ज्ञानज्योति पत्रिकाले ज्ञान र राजयोगका गहनतम र विशिष्ट कुराहरूलाई सँगाली राम्रा-राम्रा गुणस्तरीय लेख, कविता आदि प्रकाशन गरी समाजका सबै वर्ग एवं आम नागरिकलाई आत्मबोध र परमात्म अनुभूति गराई जीवनलाई संयमित र स्वअनुशासित बनाउँदै जाओस् तथा जन-चेतनाको कार्यलाई बढी व्यापक र सेवामुखी बनाउन सकोस् भन्ने शुभेच्छा राख्दै त्यसको उत्तरोत्तर प्रगतिको शुभकामना समेत व्यक्त गर्दछु ।

राजयोगिनी ब्रह्माकुमारी राज
निर्देशक, ब्रह्माकुमारीज नेपाल

# शिव भगवानुवाच

जहाँ सबैको उमङ्ग-उत्साह छ, त्यहाँ सफलता स्वयं समीप आएर गलाको माला बन्नेछ । कुनै पनि विशाल कार्यमा हर एकको सहयोगको अङ्गुली चाहिन्छ । सेवाको मौका हर एकलाई हुन्छ, कसैले पनि म गर्न सक्दिनँ, समय छैन भनेर बहाना दिन सक्दैन । उठ्दा-बस्दा १०-१० मिनट भए पनि सेवा गर । स्वास्थ्य ठीक छैन भने घर बसेर गर्‍यौ, मन्साद्वारा, सुखको वृत्तिद्वारा, सुखमय स्थितिद्वारा सुखमय संसार बनायौ तथा परमात्म कार्यमा सहयोगी बन्यौ भने सबैको सहयोग मिल्नेछ ।

# सम्पादकीय

## गरेका कुराको बारेमा बोलौं र बोलेका कुरा गरौं

*टक द वक एन्ड वक द टक* (talk the walk and walk the talk) *मेरा एक मित्रको अभिव्यक्ति हो यो । गरेको कुरा बोल्नुस् अनि बोलेको कुरा गर्नुस् । तत्काले घोत्लिएँ, सोच्न थालें अहो, कस्तो कटु सत्य । जीवनको सार अनि समस्याको निकास हो भन्ने लाग्यो । उपदेश दिन अति सजिलो विषय हो, भनिदिनमात्र कुनै गाह्रो कार्य होइन, आजभोलि यो अलि फेसन नै भएको जस्तो लाग्छ । सहजै काउन्सिल गरिदिन्छौं । सोच्छौं, ठिकै छ नि, म आफूले गर्न नसके पनि अरूले त गर्छन् । यथार्थ अलि फरक हुन्छ । वर्णन गरिएका कुरा अरूले पनि दिमागी स्तरमा जानकारीका रूपमा व्याख्यान गर्न सिपालु हुनसक्छन, जीवनमा रूपान्तरणको तहसम्म आइपुग्न सक्दैनन् । जति-जति धेरै जानकारीको टावर बन्दछ मानिस, अहंकारको तह ह्वात्तै बढन थाल्छ । भित्र-भित्र आफूलाई मात्र ठीक, अरू सबै यस्तै हुन् भन्ने मिथ्याले प्रेम गर्न थाल्छ उसलाई । विद्वत्ताको क्षितिज अति सुन्दर लाग्ला पनि, आकाशको शोभा हुन सक्छ, परिणाम क्षितिजकै कारण आकाशको पानि धर्तीसम्म आइपुग्न सक्दैन । धर्तीले पानि नपाएसम्म बीऊ उम्रिन सक्दैन, अनि त्यसपछिका सम्पूर्ण प्रक्रिया नै अवरुद्ध भइदिन्छन् ।*

*गर्नेहरू बोल्दैनन्, बोल्नेहरू प्रायः गर्दैनन् । गरिएका कुरा आफूले होइन, समाजले महसुस गर्ने कुरा हो । मपाईंको भरपाई गर्नुभन्दा समाजले सफाइ दिएको राम्रो नि । शान्तिका अग्रदूत गौतम बुद्धले जीवनमा चारपटकमात्र खुलेर उपदेश दिएको सत्यता आफैंमा सन्देशमूलक छ । अहिंसाका प्रतिमूर्ति महात्मा गान्धीको जीवन नै हामी सबैका लागि सन्देश बन्यो । अफ्रिकाको आकाशमा कहिल्यै ननिभ्ने एक नक्षत्र नेल्सन मण्डेला जसले जीवनका लगभग २७ वर्ष कारागारको चार दिवारभित्र बसेर पनि आफ्नो शान्तिपूर्ण आन्दोलनको अगुवाइ गरि नै रहे । अनि सभाहरूमा आएर बोल्न नपाए पनि उनको कर्म र मर्मले एउटा जागरणको मसाल बालिरह्यो । सुन्दरतामा अनुहारले कम साथ दिए पनि कर्मको दिव्यताले मण्डेलालाई सुन्दर बनाइरहने भयो । प्रजापिता ब्रह्माबाबा आध्यात्मिक धराका एक ज्वलन्त मिसाल । लाखौं लाख ब्रह्मवत्सहरूको आधार स्तम्भ बन्नुभयो बाबा । फगत उपदेशमात्र गरिरहनु भएन । साधिनु भयो । आफूलाई गाल्नुभयो । वर्षले ६० वर्षको त्यो वृद्ध शरीर भए पनि राति दुई बजे जागेर विश्वलाई शान्तिको तरंग फैलाउने कार्य गर्नुभयो । जीवनको अन्त्य घडीसम्म पनि आत्मिक अभ्यासमा आफूलाई निखारिरहनु भयो । कैयौं महापुरुष धर्तीमा आउनुभयो जसले गरेको कुरा बोल्नुभयो, अनि बोलेको कुरा गर्नु भयो ।*

*"बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन" भन्ने उल्टो मान्यता समाजमा स्थापित गरिंदै छ आज आएर । बहकाउमा आएर कहिलेकाहीँ यो गोरेटोलाई पछ्याउनेहरू समाजमा सफल भएजस्तो लाग्दछ । समाजमा अगुवाई गर्नेहरू पनि यसै-उसै गरी अग्रपङ्क्तिमा पुगेको देखिन्छ । भिडमा यस्तैहरूको बाहुलियता देख्दा युवा जगत्मा अलमल पनि बढेको छ । तर सत्यता अलि फरक छ । थोरै समय यस्को प्रबल प्रभाव देखिए पनि जीवनपर्यन्त यस्ताहरूको अस्तित्व पानीको फोका फुटेसरि हराएर जान्छ । समाजप्रतिको योगदानको कुनै कदर रहँदैन ।*

*गरेको कुरामात्र बोल्दा हामीभित्रको उर्जाको वचत हुन थाल्दछ । नभएका कुरा गर्दा र गरिएका कुरा पुनः सम्झिनुपर्दा यी दुवै अवस्थामा मानसिक शक्ति ह्वात्तै समाप्त भएर जाने गर्दछ । जानकारहरू मान्दछन् बगैंचामा फूलले केवल वगैंचाको वरिपरिमात्र बास्ना छर्छ तर सत् कर्मरूपी फूलको बास्ना विश्वमै फैलिन्छ ।*

*हाम्रा पूर्वज ऋषि-मुनिहरूले लामो मौन साधनाको अभ्यासपछि उच्चारण गरेका शब्दहरू वरदान सावित भएको पाइन्छ । उहाँहरूका विचारको संग्रह नै शास्त्र बनेका छन् आज । अतः कम बोलौं, मीठो बोलौं अनि मधुरताका साथ बोलौं । बोलेका कुरा गरौं अनि गरेका कुरा मात्र बोलौं । जीवनको सार, अनि सम्पूर्ण समस्याको निकास बन्ने छ यो महावाक्य ।*

- ब्रह्माकुमार विजयराज सिग्देल

## मृत्यु- एउटा..........

उसको प्रारब्धअनुसारको वायुमण्डल र वातावरण तयार भएको हुन्छ । चित्तको अर्थ हो सञ्चित । हाम्रो कर्मको संस्कार जन्म जन्मान्तरदेखि चित्तमा संचित भएको हुन्छ । श्राप-आशीर्वाद तथा अन्य कारणबाट मनुष्य आत्माले अरू योनिमा जन्म लिएको कुनै सत्य प्रमाण आजसम्म पाइएको छैन । मानौं, चोरी गर्नेवालाको दण्डस्वरूप बिरालाको योनि मिल्यो भने पनि यस योनिको दण्ड पाएर उसको संस्कार त सुध्रिँदैन, बरु अझ जटिल बन्दै जान्छ । मनुष्यलाई पुनर्जन्मद्वारा सुधार्नु छ भने असलभन्दा असल सङ्गति वा सत्सङ्ग त मनुष्य योनिमा नै मिल्छ । यदि बाल्मिकी जीलाई सत्सङ्गको सट्टा डकैतीको फलस्वरूप हिंस्रक सिंह योनी मिलेको थियो भने के उनी सुधिएर आदि कवि बन्ने थिए ? कर्म योनीको प्राणी भएका कारणले नै मनुष्य योनीमा जन्म लिने हर बच्चाले सबै कुरा सिक्नुपर्छ । पशु पन्छीको बच्चाले त आवश्यक संस्कार जन्मजात लिएर आएको हुन्छ । जसरी बाँदरको बच्चाले रूखमा चढ्न या आमासँग टाँसिएर रहन सिक्नुपर्दैन । त्यसरी नै पशु पन्छीले पानीमा तर्न सिक्नुपर्दैन ।

देव लोक सत्ययुगमा भोग देह प्राप्त हुन्छ । देवी-देवताहरूमा नवीन संस्कार धारण गर्ने क्षमता हुँदैन । पुण्य लोकका सबै प्राणी पुण्यलाई भोगेर क्षीण गर्दै जान्छन् । सत्कर्मको खाता जम्मा गर्नका लागि अहिले नै धरामा श्रेष्ठ कर्म गर्नुपर्दछ । यसरी पुरुषहरूमध्यमा उत्तम बनाउने भएका ले नै यस युगलाई पुरुषोत्तम संगमयुग भनिएको हो । कसैलाई सताउनु, मार्नु, लोभ, कपट, असत्य भाषण, कुटिलता, कुशील, फुट ल्याउनु, मिसावट गर्नु, संग्रह गर्नु, अनैतिक साधनद्वारा धन कमाउनु, दोषारोपण गर्नु, आफ्नो प्रसंशा तथा अरूको निन्दा गर्नु गराउनु, यी सबै कृत्यले मानिसलाई निम्न कोटिको बनाउँदै लान्छन् । उच्च कोटिका मनुष्य विनयशील, सरल स्वभावी, कोहीसँग पनि राग-द्वेष नभएका, अरूलाई चिन्ताबाट मुक्ति दिने खालका हुन्छन् । उनीहरू लोभी, नाटकी हुँदैनन् । अरूको समृद्धिमा ईर्ष्या-द्वेष नगरी श्रम-सन्तोष-प्रेम र मैत्रीपूर्वक सुख-शान्तिमय जीवन जिउँदछन् । यस्ता आत्माले समृद्ध माता पिताको घरमा जन्म लिन्छन् । उनीहरूका लागि प्रकृतिले पनि सुखको द्वार खोलेर आनन्दमय वातावरण बनाइरहेको हुन्छ ।

परमात्माको अनुकम्पा वा सान्निध्यद्वारा जब आत्मा तेजोमय बन्दछ तब उसको कर्मबन्धन खत्म हुनजान्छ । सांसारिक भोगबाट बचेर जब ऊ श्रेष्ठ कर्मको खाता जम्मा गर्दै जान्छ तब ऊ मुक्ति-जीवनमुक्तिको अधिकारी स्वत: बन्दछ । अकारण भीति, तनाव, चिन्ता आदि भयानक रोगहरू केवल आत्मबलद्वारा नै टाढा हुनसक्छन् । जीवन पटक-पटक विषय विकारमा आसक्त भएर जन्मनु, कर्म गर्नु र कर्मणा जन्मको ताँती लागिरहनु आदि क्रिया कलियुगको अन्त्यसम्म नै हुन्छन् । अहिले ईश्वरीय जन्मको पुण्यको सञ्चित प्रतापद्वारा नै कुलीन देव पद प्राप्त गर्न सकिन्छ । देवी-देवतासमान सर्वोच्च सिँढीमा चढाउने यस्तो योनिलाई पाएर पनि महान् कर्म नगर्नेलाई पनि आत्मधाती नभनेर कसलाई भन्ने ? जबसम्म शरीर हृष्टपुष्ट हुन्छ, इन्द्रियहरू पनि आ-आफ्नो व्यापारमा समर्थ हुन्छन् तबसम्म ज्ञान, योग, धारणा, सेवाद्वारा स्वयंलाई सफल बनाएर सफलतामूर्त बनौं । त्यसपछि मृत्यु पनि जीवनका लागि स्वादिष्ट मसला साबित हुनेछ । अत: अहिलेदेखि नै पवित्र बनेर, राजयोगी-राजहंस बनौं ।

# प्रश्न आर्थिक विकास र वातावरण बचाउको

ब्रह्माकुमार रामसिंह ऐर, काठमाण्डौ

प्राय: संसारभरिका शिक्षित व्यक्तिहरू, सरकारमा बसेका जिम्मेवार निकाय तथा समाजका सचेत प्रबुद्ध मानिसहरू आफ्नै राष्ट्र र विश्वव्यापी रूपमा परिवर्तन भइरहेको जलवायुको स्थितिसंग सुपरिचित छन् । सबैलाई यो पनि राम्ररी थाहा छ कि यदि यही अनुपातमा विश्व वातावरण बिग्रिदै जाने हो र सुधारको कुनै पहलकदमी भएन भने मानव अस्तित्व नै समाप्त हुने प्रबल सम्भावना छ । स्थिति खतराजनक तथा चिन्ताजनक छ । त्यसैले वातावरण बचाउप्रति जन चेतना र जन चासो बढ्दै गइरहेको छ । खासगरी वातावरणको क्षेत्रमा कार्यरत विज्ञहरू र सरकार पक्षले यस गम्भीरतालाई राम्ररी बुझेका छन् र त्यसको सुधारका लागि चिन्तनशील भई केही सुधारका प्रक्रिया पनि अवलम्बन गरिएका छन् ।

हाम्रो जस्तो विकासोन्मुख वा अति अविकसित राष्ट्रहरूलाई जन चाहनाअनुरूप उनीहरूका आवश्यकता परिपूर्तिका साथै उच्च आर्थिक स्तर (High Economic Standard) मा लैजानु पर्ने आवश्यकता पनि छ । यसका लागि सरकारी वा गैर सरकारी निकाय र संस्थानहरूले बढीभन्दा बढी उद्योग धन्दा खोल्नु पर्ने त्यसका लागि आवश्यक प्रविधिको प्रयोग गर्नुपर्ने हुन्छ, जसबाट उत्पादन वृद्धि गर्न सकियोस् । अनेक प्रकारका उपभोग्य सामग्रीहरू उत्पादन गरी वस्तुहरूको आयात निर्यात समेत गर्न सकियोस् । त्यसैगरी कृषि उत्पादनमा समेत वृद्धि गर्नुपर्ने हुन्छ जसका लागि रसायन मल (Chemical Fertilizer) र कीटनाशक औषधि विषादी (Insecticide) प्रयोग गर्ने गरिन्छ । यस्तो स्थितिमा जिम्मेवार निकायका लागि दोधारे खिचातान (dilemma) को स्थिति भने जल्दो बल्दो रूपमा देखापर्दछ । मुलुकवासीहरूको जीवन स्तर उकास्न र आवश्यकता परिपूर्ति गर्न तथा कामको शुभअवसर (job opportunity) जुटाउन बढी संख्यामा कलकारखाना खोल्नु पर्ने, निर्माण कार्य बढाउनु पर्ने र शहरीकरण गर्नुपर्ने बाध्यता छ भने त्यस प्रकारका क्रियाकलापलाई वृद्धि गर्नाले वातावरणको स्थिति झन् झन् नाजुक बन्दै जाने अवस्था छ । सरकारमा रही राज्य संचालन गर्ने जिम्मेवार व्यक्तिहरूले चुनावका दौरान आम नागरिकको आर्थिक स्तर सुधार्ने तथा बेरोजगारीको समस्यालाई समाधान गर्न आफ्ना घोषणा पत्रमार्फत प्रशस्त आश्वासन दिएका हुन्छन् । यदि वातावरणीय क्षतिका कुरालाई ध्यानमा राखेर विकासका लागि आवश्यक कदम नउठाउने हो भने आम नागरिकको विश्वास गुम्न गई आफ्नो सत्तालाई गुमाउनु पर्ने स्थिति आउन सक्दछ । यस अवस्थामा वातावरण र विकास दुवैतिरको सन्तुलनलाई बनाइराख्न र समस्या समाधान गर्न एउटा उपयुक्त सुझाव छ, त्यो हो विकास त गरौं तर त्यो विकास दिगो (Sustainable Development) होस् । तर प्रश्न के पनि हो भने त्यस्तो प्रकारको विकास कति हदसम्म सम्भव छ ?

कुरा स्पष्ट छ कि विकासका दौरान खनिज पदार्थहरूको उत्खनन र प्राकृतिक श्रोतहरूको प्रचुर मात्रामा दोहन र प्रयोग हुने गर्दछ । यद्यपि केही हदसम्म प्रयोग भइसकेका वेस्टेज (wastage) पदार्थहरूलाई रिसाइकल (recycle) प्रक्रियाद्वारा पुन: प्रयोग गर्न सकिन्छ । तर मुनाफावाद, भौतिकवाद र भोगवादको वर्तमान संस्कृतिमा श्रोत र साधनहरूको औधि उपभोगले गर्दा प्रशस्त मात्रामा व्यर्थ फोहर प्रदूषण बढ्ने गरेको छ जो वातावरणका लागि भयंकर समस्या बनेको छ । वातावरणका लागि अर्को संकटपूर्ण समस्याको मुख्य कारण हो प्राय: सबै विकासशील राष्ट्रहरूको जनसंख्यामा अनियन्त्रित ढंगले अति वृद्धि हुँदै जानु । जसका खातिर अत्यधिक मात्रामा घर-भवन निर्माण गर्नुपर्ने, काम र श्रमका अवसरहरूको व्यवस्था गर्नुपर्ने, उद्योग धन्दा खोल्नु पर्ने तथा अन्य सामाजिक सुविधाहरूको व्यवस्था गर्नुपर्ने हुन्छ । यस प्रकारले विकासका कार्यक्रमलाई कार्यान्वयन गर्दा बढीभन्दा बढी श्रोत साधनको खपत गर्नु पर्दछ र त्यसबाट प्रशस्त प्रदूषण, वेस्टेज पैदा भई वातावरणलाई प्रभावित गर्दछ । दुष्परिणाम के भने जीव प्राणीको अस्तित्व माथि नै प्रश्न उठ्दछ । तसर्थ स्वस्थ्यकर र स्वच्छ वातावरणलाई दिगो राख्न र मानव सभ्यताको रक्षा गर्न मानिसले आफ्नो जीवन पद्धतिलाई नै परिवर्तन गर्नु पर्ने अवश्यकता महसुस गरिएको छ ।



अध्यात्म-विज्ञान

खास गरी अति विकसित मुलुकका मानिसहरूले आवश्यकताभन्दा बढी प्राकृतिक साधन तथा उत्पादित वस्तुहरूको प्रयोग गरी कुदरतको भण्डारलाई रित्तो पार्ने काम भइरहेको जस्तो लाग्दछ । अमेरिका (USA) को मात्रै कुरा गर्ने हो भने केही वर्ष पहिलेको आँकडा अनुसार त्यस मुलुकको औसत नागरिकले भारत र चीनको नागरिकले भन्दा २० गुणा प्राकृतिक साधनको प्रयोग वा खपत गर्ने गर्दछ भने बंगलादेश वा नेपाल जस्ता देशको नागरिकभन्दा ७० गुणाले बढी श्रोत-साधन खपत गर्ने गरेको छ । त्यसो हुनाले बिग्रंदो वातावरणको बचाउका लागि हामीले तडक भडकको विलासी जीवन शैलीभन्दा पनि साधारण, सादगी, सात्विक र शाकाहारी जीवनपद्धति अपनाउनु पर्ने आवश्यकता छ । अन्यथा समग्र मानव जाति, सबै प्राणी तथा वनस्पतिमा समेत ठूलो संकट पैदा हुन गई सबैको अस्तित्व नै ओझेलमा पर्न सक्दछ ।

हाल विश्व प्रतिस्पर्धा तथा खुला बजार प्रणालीका आधारमा हुने औद्योगीकरण तथा आर्थिक समृद्धि गर्ने कुरा अति महत्त्वाकांक्षाको जटिल विषय बनेको छ । यस प्रणाली अन्तर्गत प्रशस्त अवसर प्राप्त भई प्रगति भएको त देखिन्छ तर समग्रमा वातावरणीय असन्तुलन भने झन् झन् बिग्रिदै गएको कुरा स्पष्ट छ । धनी मानिसहरूले मात्र श्रोतहरू बढी खपत गर्ने स्थिति पैदा भएको छ । यस अवस्थामा देखासिखी गर्नुभन्दा पनि साधारण जीवन पद्धति अपनाउनु नै समस्या समाधानको सुन्दर र सहज विकल्प देखिन्छ । एक मर्यादित, सुव्यवस्थित र आध्यात्मिक अनुष्ठान-युक्त जीवन शैलीका लागि धेरै भौतिक पदार्थ र वस्तुहरूको उपयोग गर्नुपर्ने आवश्यकता पर्दैन । तर यस्तो जीवन शैलीलाई सहर्ष स्वीकार गर्दै सहजरूपमा धारण गर्न मौजुदा समाजमा प्रचलित समाजवाद र पूँजीवाद व्यवस्थाको जानकारीले मात्रै पुग्दैन यसका लागि अध्यात्मवादको चेतना अभिवृद्धि गर्नु पर्दछ । जसबाट मानिसको सद्विवेक खुल्न गई स्वतस्फूर्त रूपमा जीवन शैलीमा परिवर्तन आउन सक्दछ र अति भोगवादको दासत्वबाट मुक्ति मिल्नेछ । यसका साथसाथै आध्यात्मिक जीवन शैलीले जनसंख्याको बढ्दो चापलाई कम गर्नमा समेत ठूलो मद्दत गर्दछ ।

हाम्रो मुलुकमा पनि बढ्दो शहरीकरण, वन जंगल विनाश तथा विश्वव्यापी रूपमा बढेको तापक्रमले जलवायु तथा वातावरणमा ठूलो प्रभाव पारेको छ । खास गरी हाम्रो हिमाली श्रृखलामा तापक्रमको वृद्धिले हिमनदीहरू पग्लिने गरेका छन् । जसबाट करिब २० हिमतालको मोरेन बाँध भत्केर विस्फोट भई नदी किनारामा बस्ने तथा तल्लो भेगका छेउछाउका बस्तीलाई समेत ठूलो नोक्सान व्यहोर्नु पर्नेछ । यसको उदाहरणका रूपमा सन् २०१२ को सेती नदीमा आएको बाढीलाई लिन सकिन्छ । यसका साथै विश्वव्यापी रूपमा बढेको तापक्रमले उत्तरी ध्रुव र दक्षिणी ध्रुवको हिउँ प्रशस्त मात्रामा पग्लिनाले समुद्रको सतह अत्यधिक बढ्न गई करिब ६० करोड टापुमा बसोवास गर्ने तथा अन्य तटवर्तीय शहरहरूलाई समेत अमापीय क्षति पुग्नेछ । साथै वातावरणीय परिवर्तन संगै भूकम्प, ज्वालामुखी विस्फोटन, सुनामी, अम्लीय वर्षा, भूक्षय, अतिवृष्टि, अनावृष्टि साथै बेमौसमे वर्षा अनि अति गर्मी र अति ठण्डाजस्ता लक्षणहरू पनि भयावह रूपमा बढिरहेका छन् ।

उल्लिखित संकटलाई हृदयंगम गरी विश्वले यस वर्ष २०१४लाई वातावरणको संरक्षण गर्ने “चेतनाको स्वर बढाउ समुद्रको सतह होइन” (Raise Your Voice not Sea level) भन्ने थीम (Theme) लाई अगाडि सारेको छ । यस अभियानमा आध्यात्मिक चेतनालाई समेत समावेश गर्दै आत्म-चिन्तन र परमात्म-चिन्तनको सूत्र राजयोगको अभ्यास गरी मानिसको मानसिक प्रदूषणलाई रोक्न सकिने छ । जसबाट मानिस कदाचित् वातावरण प्रदूषण गर्ने कार्यका लागि उद्यत हुने छैन । यस उच्च चेतनाले प्रकृति, प्राणी तथा वतावरण वचाउका लागि अहम् भूमिका निर्वाह गर्ने छ । यस प्रकारको सोच, समझ र जीवन शैलीले दिगो आर्थिक विकास तथा वातावरणीय संरक्षणमा समेत यथोचित योगदान पुग्नेछ । ❋

*आफूलाई नराम्रो लाग्ने व्यवहार अरूलाई पनि गर्नुहुँदैन ।* – विदुर नीति

## बर, वटवृक्ष




*चिनारी :* यो १००-१५० फिट अग्लो विशाल वृक्ष, पात लाम्चो लहरा हुन्छ । रातो फुल्ने, अम्बा आकारको रातो फल र दूध निक्लने गोलाकार-च्याप्टो पात र बोक्रा स्वाद टर्रो साथै स्वभाव शीतल-शामक हुन्छ । *गुण-धर्म :* यो जीवनदायिनी शक्तिदायक, पौष्टिक, दर्दहर, अर्बुदहर, त्रिदोषज विकार निष्काशक वातव्याधिनाशक, शक्तिवर्धक, रक्तवर्धक, रसायन अमृत, आयुवर्धक मानिन्छ । *प्रयोग हुने अङ्ग :* सबै भाग । *औषधीय उपयोग :* यसको दूध अचम्मै पोषिलो र सर्वरोग नाशक हुन्छ, यसको बोक्रा पौष्टिकले शक्ति बढाउँछ । यसको फलले हैंजा, गानो, अर्श, आन्द्राको घाउ, मधुमेह आदि सन्चो पार्छ । यसको पञ्चाङ्ग धूलोले समस्त रक्तविकारमा लाभ पुऱ्याउँछ, पेटको घाउमा फाइदा दिन्छ, मुखको घाउ ठीक पार्छ, सुन्निएको र ज्वरमा लाभ दिन्छ, यो बरले जीवनीय तत्त्वरक्षा गरी प्राणशक्ति जगाउँछ, विजातीयद्रव्य शरीरबाट निकाल्छ । *मात्रा :* १/१ चम्चा ३-५ पटक लेदो वा धूलो र दूध ३-५ ग्राम, *भस्म :* १-२ ग्राम, *अर्क :* १०-१५ थोपा । चोप १-२ ग्राम, १/१ फल, १/१ पात, पेय १ गिलास, काँढापानी १-२ माना, टुक्रा चुसिरहने ३-५ पटक ।

साभार: आधुनिक जडीबुटी विज्ञान
लेखक : योगी धर्ममहारस

## बोलीको प्रभाव

✍ब्रह्माकुमार नन्दन पन्त, भरतपुर

हाम्रो बोलीमा यति धेरै शक्ति लुकेको छ कि हाम्रो मीठो बोलीको प्रभावले क्षणभरमा नै कसैलाई सुख र शीतलता प्रदान गरी एउटा नयाँ जीवन पनि दिनसक्छ भने अर्कोतिर नमीठो बोलीले क्षणभरमा नै कसैको जीवनलाई बरबाद गरिदिन पनि सक्छ । नमीठो बोली र आगोको झिल्का हेर्दा सानैजस्ता देखिए पनि यिनले विकराल नोक्सानी पुऱ्याउन सक्छन् । नराम्रो बोलीको नराम्रो नतिजा हामी महाभारतमा वर्णित कथामा देख्न सक्छौं । महाभारतको कथामा द्रौपदीले दुर्योधनप्रति लक्षित गर्दै– "अन्धाको सन्तान अन्धा नै" जस्तो नमीठो बोली बोल्दा यत्रो महाभारत बन्न पुग्यो । आज विश्वमा बढ्दै गइरहेको ६५% हत्या हिंसाका घटनाहरू पनि बोलीकै कारण भएको पाइएको छ । प्राय: गरी आसुरी वृत्तिका कारण यस्ता बोली निस्कने गर्दछन् । वास्तवमा आसुरी प्रवृत्ति भनेको नकारात्मक शक्ति जस्तै– काम, क्रोध, लोभ, मोह, अहंकारको नै विभिन्न रूप हो । आज कतै मीठो बोली बोल्दा वरदानसरह कसैका जीवनमा उमङ्ग-उत्साह सुख, शान्ति, प्राप्त गरेर मानिसले जीवनलाई नै परिवर्तन गरेका छन् भने कतै नमीठो बोली बोल्दा श्रापसरह जीवनमा डिप्रेसन गराउने, उमङ्ग-उत्साह नष्ट गर्ने, हतोत्साह हुने भइरहेको छ ।

त्यसैले हाम्रो बोली यस्तो प्रभावकारी होस्, जसले अरूलाई सुख शान्ति, उमङ्ग-उत्साह दिलाएर श्रेष्ठ कर्म गर्ने प्रेरणा देओस् । जीवनदेखि निराश भएका आत्माहरूलाई आशाको नयाँ किरण दिन सकोस् । यदि हामी यस्तो बोली बोल्न सक्दैनौं भने मौन रहनु नै असल हुन्छ । किनकि मौनले हाम्रो आन्तरिक शक्तिको विकास गर्छ । मौनले हाम्रो मनभित्र सेवा भावलाई बढाइदिन्छ । मौनद्वारा मनभित्र पवित्रताको बल आउँछ । मौनद्वारा समस्यालाई समाधान गर्ने प्रेरणा मिल्छ, आफ्नो स्व-रूपलाई जान्न सकिन्छ । हप्ताको एक दिन अथवा दिनमा कमसेकम एक घण्टामात्र भए पनि उनै शिवको यादमा रहौं, मौन बसौं, धेरै लाभ हुन्छ । मौन दृढता हो, शक्ति हो । यसको फाइदा लिदै हामी प्रतिज्ञा गरौं कि बोलीबाट सबैलाई सुखमात्र दिनेछु । बोलीद्वारा वरदानमात्र निकाल्नेछु, श्राप होइन । संक्षेपमा बोलीद्वारा सुख शान्ति प्राप्त गर्न गराउन यी उपायहरूलाई अपनाउन सकिन्छ :– १) कम बोलौं, मीठो बोलौं र बिस्तारै बोलौं, २) व्यवहारिक बनौं, स्नेही बनौं, ३) सबैलाई सम्मान गरौं, ४) सेवामा सधैं व्यस्त रहौं ५) आफ्नो गल्तीलाई स्वीकार गरौं । ६) सधैं सकारात्मक सोचौं । तबमात्र हाम्रो बोली दैवी गुणले सम्पन्न बन्दै वरदान बन्न सक्नेछ । ❋

## तीन प्रश्नहरू

प्रस्तोता : ब्रह्माकुमार प्रेमराज लेखव
गीतानगर

एकपटक एक जना राजा थिए । उनीसँग आफूले चाहेका सबै कुरा थिए तर एक दिन उनको दिमागमा तीनवटा प्रश्न उठे । सबैभन्दा महत्त्वपूर्ण समय कुन हो ? सबैभन्दा महत्त्वपूर्ण व्यक्ति को हो ? गर्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण काम के हो ?

ती तीनवटा प्रश्नहरूले उनलाई ज्यादै चिन्तित तुल्याए । उनले ती प्रश्नहरूलाई आफ्ना मन्त्रीहरूको अगाडि राखे तर जे उत्तर पाए त्यसले उनलाई सन्तुष्ट गर्न सकेन । यो कुरा महसुस गर्दै ती प्रश्नहरूको सही उत्तर जान्नको लागि उनका प्रधानमन्त्रीले उनलाई एउटा साधुकहाँ जान सल्लाह दिए जो उनको राज्यको एउटा पहाडी भेगमा बस्दथे ।

अर्को बिहान राजा आफ्ना सिपाहींहरू सहित त्यस पहाडमा पुग्दा झण्डै साँझ परिसकेको थियो । त्यत्रा सिपाहीहरू सहित ती साधुलाई भेट्न अनुपयुक्त सम्झी उनले उनीहरूलाई पहाडको फेदीमा नै रहन निर्देशन दिए र आफू एक्लै पहाड चढ्न थाले । जसै उनी त्यस गुफामा पुगे साधु साधनामा व्यस्त थिए त्यसैले उनी पर्खिरहे र झण्डै ३-४ घन्टा पर्खंदा पनि साधुले माथि हेरेनन् । फलस्वरूप राजाले त्यो रात त्यहीं बिताउने र अर्को बिहान ती प्रश्नहरू साधु समक्ष राख्ने निर्णय गरे ।

अर्को बिहान चराहरूको मीठो संगीतमय आवाज र ताजा स्वच्छ हावा सँगसँगै गुफामा सूर्यको किरण झुल्किनासाथ उनी उठे । उनले साधुलाई त्यहाँ देखेनन् । यसकारण उनी बाहिर निस्किए र माथि पहाडको टुप्पातिर टहलिए । त्यहाँ उनले एकदमै सुन्दर दृश्य देखे । त्यहाँबाट आफ्नो पूरा राजधानी देखे जुन हेर्न लायक थियो । उनलाई आफ्नो त्यति सुन्दर राजधानी देख्न पाउँदा ज्यादै अचम्म लाग्यो र त्यस सुन्दर दृश्यले उनको अनुहारमा मधुर मुस्कान ल्यायो ।

उनको दरबारमा बिहानको समय एकदम भिन्न हुन्थ्यो, बिहानै सबैभन्दा पहिले उनलाई खराब खबर सुन्नुपर्थ्यो । एकाबिहानै उनको सबैजसो सिपाहीं र जासूसहरूले उनलाई उनको राजधानीमा भएका खराब कुराहरू सुनाउन आउँथे जसले गर्दा उनलाई झन् चिन्ता थपिन्थ्यो । तर जब उनी त्यस पहाडमा चढे र आफ्नो सुन्दर राज्यलाई देखि उनी खुसी भए र त्यसको प्रशंसा गर्न थाले– म आफ्ना जनताको सेवा गर्नको लागि राजा भएको हूँ भन्ने कुराको खूब अनुभव गरे ।

ठीक त्यही बेला उनको काँधमा कसैले थपथपाएको महसुस गरे, राजा फरक्क फर्किए र साधुलाई आफ्नो अगाडि देखे । राजाले आँखा झिमिक्क गरे । साधुले सम्झिए राजाले प्रश्नहरूको जवाफ पाइसकेका छन् त्यसैले उनले भने," अब तपाईं जान सक्नुहुन्छ र गएर आफ्नो राज्य चलाउन सक्नुहुन्छ ।

सबैभन्दा महत्त्वपूर्ण समय भनेको "अहिले" हो । सबैभन्दा महत्त्वपूर्ण व्यक्ति भनेको त्यो व्यक्ति हो जससँग कुनै पनि समयमा तपाईं हुनुहुन्छ । यदि कुनै समयमा तपाईंमात्र हुनुहुन्छ भने तपाईं नै त्यसबेलामा महत्त्वपूर्ण व्यक्ति हुनुहुन्छ । तर यसको विपरीत हाम्रो स्वभाव के हुन्छ भने जब हामी एक्लै हुन्छौं हामी अरूको बारेमा सोच्दछौं र अरू कसैसंग हुन्छौ भने हामी आफ्नो बारेमा मात्रै सोच्दछौं । सबैभन्दा महत्त्वपूर्ण काम भनेको आफ्नो वरिपरि बस्ने मानिसहरूको सेवा गर्नु र उनीहरूलाई प्रेम गर्नु हो । ❋

स्रोत : Purity, May 2014

*अतिशय मोहले मानिसलाई कमजोर बनाइदिन्छ ।* – कौटिल्य

# मधुवनको यात्रा

✍ पोषराज पौडेल, भरतपुर-१०, सहायक प्रिन्सिपल, कविलास उच्च मा.वि., जुगेडी



प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय (ओम शान्ति) का बारेमा सामान्य देखेको सुनेको भए पनि उक्त संस्थाप्रति न निकट, न विकटको अवस्था थियो । वि.सं २०६६ पौषतिर नेपाल रेडक्रस सोसाइटी उपशाखा चनौलीको साधारण सभामा जिल्ला शाखाको प्रतिनिधिको रूपमा उपस्थित भैरहँदा शुभकामना मन्तव्य (उद्घाटन सत्र) दिने क्रममा स्थानीय संघ संस्थाको प्रतिनिधित्व गर्दै ब्र.कु. दिदीबाट शिष्ट शालीन, प्रभावकारी तर्कसहितको मन्तव्यले उहाँ र संस्थाप्रति उत्सुकता जगायो । नारायणगढ सेवाकेन्द्रमा संस्थाका बारे जानकारी, पश्चात् भरतपुर सेवाकेन्द्रबाट ७ दिनको पाठ्यक्रम अध्ययन गरें गंगा दिदीज्यूबाट । संस्थाप्रति आस्था बढ्यो । व्यक्ति समाज र राष्ट्रको गतिसित सकारात्मक परिवर्तनका लागि मननीय, पठनीय एवं अनुकरणीय सेवा र दृष्टिकोण रहेको अनुभूति मिल्यो । युगललाई पनि नियमित गराउन सकें । विगतमा भोग्दै आएको कर्म वा संस्कार र संगतले यदाकदा किनार पनि लगायो । व्यवहारको सही निर्णय गर्न नसक्दा भएको अस्तव्यस्तताका कारण व्यस्तताको वहाना वाजी पनि केही समय बनाएकै हो । यद्यपि गंगा दिदी, अर्जुन भाइजी, भागवत भाइजी, अम्बिका दिदीहरू निमित्त भई दिनुभएकोले संस्थाको सुकर्मको Vibration ले विकर्षण हुन पाएन । प्रात:कालीन मुरली कक्षामा बिस्तारै नियमितता बढाउन थालें ।

मुरली कक्षामा कहिले-काहीं मधुवन गई आउनेहरूको अनुभव सुन्दा लाग्थ्यो -'मधुवन चाहिँ जानै पर्छ । पछि जे गरिएला ।' यही सोच थियो । मधुवन जानकै लागि मुरली सुन्न आएको व्यक्ति, आज ज्ञान माला (मुरली) रसास्वादन गर्नकै लागि ओम् शान्ति भवनमा नियमितता दिँदैछु । मेरो तीव्र इच्छाका तरङ्गहरू मधुवन पुगेछन् क्यारे ! शिवबाबाले मधुवनको निम्तो पठाउनु भएछ । कता-कता पत्यार पनि लागेन । मलाई ? मधुवन ? यस्तो अवसर तर सत्य रहेछ । मनमा उत्साह जाग्यो । पवित्र बन्ने संकल्प उजागर हुँदै आए । सबैलाई हुने गर्छ- कठिन, जब प्रतीक्षामा बस्नुपर्छ । लाग्दैछ किन क्यालेण्डरका पानाहरू ढिलो पल्टदैंछन् ?

वि.सं २०७० वैशाख २८ गते मधुवनको यात्रा गर्ने शुभ दिन । हप्ता दिन अघीदेखि नै रुघाखोकी, सामान्य ज्वरोले देहसंग संगत गरिरहेको थियो । आज त झन् अलि बढी नै प्यार गरेजस्तो छ । मधुवन यात्राको तीव्र प्रतीक्षा, उत्साहका वावजुद देहको खराबीले दुविधा गरायो तापनि नारायणगढ सेवा केन्द्रमा लक्ष्मी दिदीबाट टीका, अम्बिका दिदीको प्रसादी, गंगा दिदी र प्रतिमा बहिनीको बिदाइका रातफूल ग्रहण गरेर यात्रा शुरु भयो । मणि भाइजी र रीता बहिनीजीसहित ६१ जनाको समूह दुइवटा बसमा । दिउँसोको १२ बजेको टण्टलापुर घाम सीमा क्षेत्रको गेटमा दर्जनौं भारतीय प्रहरी तैनाथ छन् । भारततर्फ जान आफ्नै नागरिकलाई पनि कडा प्रतिबन्ध छ । भारतमा हुन गइरहेको निर्वाचनका कारण नाका बन्द गरिएको छ । बिरामी बोकेका साधनहरू वैकल्पिक नाका खोजिरहेका छन् । स्थानीय पसलवालाहरू भन्दैछन् भारततर्फ जान सम्भावना नै छैन । गोरखपुरमा साँझ रेल चढ्न पुग्नु छ । बन्द, वैकल्पिक उपाय, साँझसम्म गोरखपुर पुग्नैपर्ने यी सवालले सबै निराश स्थितिमा । मणि भाइजी प्रशासनिक भेटघाट, सम्पर्क अनुरोधमा प्रयासरत हुनुहुन्छ । रीता बहिनी जिल्लातर्फ सूचना सम्पर्कमा रहँदै स्मृति र एकाग्रतामा बसेको देखें । अनुहार निश्चिन्त देखिन्छ । मैले मनमनै भने "बाबा आज तिम्रो पनि परीक्षा हुँदैछ" । चर्को गरम, बन्दको चिन्ता, तनाव छ, रुघाखोकी ज्वरो पनि संगै आएको थियो, तैपनि देह (शरीर) हलुङ्गो अनुभव भइरहेको थियो । नजिकै औषधी पसलमा ज्वरो जचाएँ । अपरिचित छन् सहभागी साथीहरू भनौं भने कसरी अपरिचित भन्ने ? एउटै उद्देश्य, भाषा भेष सम्बन्ध भाइ भाइको । तर निकट कोही बनिसकेको छैन । मोहनमणि सर, केशव दाइ परिचित हुनुहुन्छ तर सबै आ-आफ्नै युगलसंगका भलाकुसारी गन्थन-मन्थन पोका पन्तुराको सुसारमै व्यस्त । अलि एक्लोपन महसुस पनि भयो । कतिपय सहभागीहरूमा संस्थागत आचरणको अति सामान्य जानकारी पनि नभएको, हो कि जस्तो लाग्दथ्यो । हुन त सदा हर्षितमुखी मणि भाइ, डबल हर्षित मुद्रामा हामीतिर आउँदै भन्नु भयो - "ओम् शान्ति समूहका लागि भारत प्रवेश अनुमति मिल्यो ।" बाबाप्रतिको मेरो विश्वासको सिँढी बढ्यो । सबैको मुखारविन्दबाट एउटै बोली आयो– वा ! मेरा बाबा वा !

राती १० बजे गोरखपुरबाट रेलको यात्रा शुरु भएको करिब ४० घण्टा यात्रापश्चात् अमृत बेलाको शुभ मुहुर्तमा आबू रोड र मधुवन सेवा केन्द्रको बसबाट मधुवन पुगियो । शान्तिवनको गेटबाट भित्र पस्नासाथ मनमस्तिष्कमा अनेक सोच, तर्क, अनुमानहरू एकपछि अर्को छलाङ्ग मार्दै आउन थाले । शुभचिन्तनका साथ शुभकर्म, श्रम र सीपको प्रयोग गरे यही धर्ती स्वर्ग हुन्छ भन्ने प्रमाण देखियो । विज्ञान र आध्यात्मिकताको बेजोड संयोग साइन्स र साइलेन्स (Science & Silence)को समीकरण मधुवन ।

तिसौं हजार व्यक्तिलाई बसाइ, खानपिन, योग, घुमफिर, अध्ययनको लागि सहज व्यवस्थापनशैली, अपूर्ण छ । व्यवस्थापनका सबै अवयव/तत्त्वहरूको भरपुरता देखिन्छ । नारी नेतृत्वमा पारदर्शी, पवित्र सफल र सेवामा सबल नमुना पाइन्छ । कहीं कतै आदेश सुनिदैन, निर्देश्न टाँसिएको देखिदैन । सेवा लिने-दिने मौनमा स्वचालित छन् । हर्षित देखिन्छन् । स्वादका चाहना अनुसारका "चाय" सुविधा । म सोच्दै छु यत्तिको स्रोत कसरी जुट्दै छ ? ठीक समय, ठीक परिणाम र ठीक गुणस्तरको निर्धारण, मापन र व्यवस्थापन कसरी भइरहेछ ? यी सबै सेवा कार्य यथाबखत कुनै व्यक्ति वा व्यक्तिहरूको सामर्थ्यले मात्र भइरहेको छैन, यहाँ अलौकिक अनुकम्पा इच्छाशक्ति प्राप्त छ भन्न मन लाग्यो । व्यक्तिहरू मात्रनिमित्त छन् ।

राजयोग शिविर भएकोले प्रत्येक सेसनहरू अलग-अलग तर सबै विषयवस्तु अनुकरणीय थिए, हृदयस्पर्शी लाग्दथे, व्यवहार र प्रमाणको कसीमा घोटेर निष्केका तर्कहरू प्रस्तुत भएका थिए । स्वयंको परिचय, राजयोगको लागि परमात्माको चिनारी, परिवर्तनको आधार-सकारात्मक चिन्तन, महापरिवर्तनको लागि गीता ज्ञान रहस्य, परिवर्तनमा विभिन्न धर्मको भूमिका लगायत जीवनोपयोगी ज्ञान र सीपका विषयवस्तुको भरिपूर्ण थियो । मनमा लाग्यो- "आउन पर्ने ठाउँमा ढिलो आएछु, धन्य ढिलै भए पनि आइयो ।" विगतका कर्मको समीक्षा आजको अनुभूति र भोलिको संकल्पहरू रोटे पिङझैं घुमिरहन्थे । हामीले हाम्रा धेरै समय र ऊर्जाहरू देहका लागि व्यर्थ व्यय (खर्च) गरेछौं । मन, बुद्धि र संस्कारको समन्वयबाट श्रेष्ठ चिन्तन, उत्तम कर्म, पूर्ण प्राप्ति हुने रहेछ । सधैं अरूलाई बदल्ने कुरा गर्दै आयौं । सारा दुनियाँ (अरू) नबदलिएर बर्बादी देख्दै आयौं । आफू त ठिकै छु, असल नै छु भनी अति आत्म-मूल्यांकन गर्दै आफूलाई बिर्सिएछौं । आफूलाई बदल्नुपर्ने पक्ष नै देखिएन । भयो के ? न अरू बदलिए न आफू । हुनुपर्ने र गर्नुपर्ने स्वयंको पहिचान र परिवर्तन रहेछ । तबमात्र परिवर्तनको अपेक्षा गर्न सकिने रहेछ ।

## सिकेको पाठ

▶ धर्म त्यो हो जुन व्यवहारमा, कर्ममा देखिन्छ, बोलीमा झल्किन्छ । अधिक आत्माको कल्याण हुन्छ ।

▶ सत् धर्म त्यो हो जुन धर्मको नामबाट कुनै युद्धको परिकल्पनासम्म पनि हुँदैन ।

▶ जात, कुल, वंशको आधारमा भेदभाव, छुवाछुत, उच्च-नीच, विभाजित सोच विचार धर्मको कर्म होइन रहेछ ।

▶ विज्ञानको शक्तिले सुविधाजन्य वस्तु र पदार्थको निर्माण गरेको छ । भूगोलको दूरीलाई घटाएको छ तर मनको दूरीलाई दूर बनाइरहेछ । नैतिकता ह्रासोन्मुख छ । स्व: परिवर्तनको स्टेयरिङ्ग आफ्नो हातमा छैन, जीवन यान्त्रिक बनिरहेछ ।

बाँकी ६ पेजमा

# साधनाको साथै पुरुषार्थ पनि

✍ ब्रह्माकुमार भागवत, नारायणगढ

चाहेजस्तो ठाउँमा सजिलैसँग हिंडाउनका लागि हामी घोडालाई साध्दछौं । त्यसलाई फकाएर, धेरै थकाएर, पिटेर, कम खाना दिएर जसरी भए पनि हामी आफ्नो वशमा पार्ने प्रयास गर्छौं । त्यसलाई धेरैभन्दा धेरै आफूअनुसार बनाउका लागि फकाएर, प्रेमपूर्वक व्यवहार गर्दछौं । यो नै प्रभावकारी सिकाइ हो । मतलब यसरी सिकाइएको घोडाले हामीलाई मित्रवत् व्यवहार गरी सधैंका लागि सहयोगी बन्दछ । यसरी नै साधिएका घोडाहरूमध्ये घोडाको एउटा निक्कै मार्मिक तथा मित्रवत व्यवहार हामी भारत राजस्थानको मेवाड राज्यका महाराणा प्रतापको चेतक नामको घोडाको बारेमा सुन्ने गर्छौं । उसले आफू सख्त घाइते भएपछि पनि दुई माइल टाढासम्म गएर आफ्नो मालिकलाई बचाएर अन्तिम श्वास फेरेको थियो ।

आफू खुशी छोड्दा निकै चञ्चल मानिने पशुमा पर्छ घोडा । एक आपसमा झगडा गर्नु, एकै छिनमा यहाँ भएको एकैछिनमा कहाँ पुग्नु यो घोडाको स्वभाव हो । नसाधेको घोडाले एकै ठाउँमा स्थिर भएर बस्न जानेकै हुँदैन । तर यस्तै स्वभाव हुने घोडालाई साधेर मानिसले अथाह सुविधा प्राप्ति गरेका हुन्छन्, यसैका सहयोगले अनेकौं कार्य सम्पन्न गर्दछन् । गाडीको आविष्कार हुनुपूर्व राजा महाराजादेखि लिएर सर्व साधारणसम्मको यातायातको साधन घोडा नै थियो । कतिपय ठाउँमा अहिले पनि छ ।

यसरी नै गधा, खच्चड आदिलाई पनि साधिन्छ । बहर गोरुलाई पनि साधिन्छ, दाउनु भनिन्छ । मानिसका इसारा अनुसार चल्ने बनाइन्छ । कुनै पनि बाहिरी वस्तु वा आफ्नै अङ्ग जो आफूले चाहेअनुसारको भइरहेको हुँदैन त्यसलाई विभिन्न युक्तिले आफूअनुसारको बनाउने कामलाई साध्नु भनिन्छ । घाँटीमा मीठो गीत गाउने कला हुन्छ । त्यो आफैं आउँदैन त्यसलाई अभ्यास गर्नुपर्ने हुन्छ, यसलाई संगीत साधना, स्वर साधना भनिन्छ । खेलमा साधना गरे भने खेलाडी बन्छन् । खेल्ने कला हुन्छ, त्यो आफैं आउँदैन सिक्नु, साध्नुपर्ने हुन्छ । यसरी हरेक क्षेत्रमा मानिस साधिइरहेको हुन्छ, आफूभित्र भएको कलालाई निकाल्न खोजिरहेको हुन्छ ।

हाम्रो मनलाई पनि घोडासँग तुलना गरिन्छ । मनलाई नसाध्ने हो भने यो पनि धेरै चञ्चल छ । यसलाई पहिले त हाम्रो परिवारको वातावरणले साध्यो, त्यसपछि साथी भाइसँगको हेलमेलमा केही हदसम्म साधियो । कुनै बेला अझ बेलगाम पनि बन्न पुग्यो होला । हाम्रा संस्कृति, परम्परा, अनि शिक्षा प्रणालीद्वारा पनि धेरै मोडिने काम भएको हुन्छ । यी सबै अवसरमा हामीले आफ्नो मनलाई कुनै बेला जानी-जानी साध्दछौं भने कुनै बेला हण्डर, ठक्कर अनि महसुसद्वारा साधिन पुग्छ । विभिन्न तरिकाले साधिएको र खारिएको अवस्था वर्तमान हो । जीवनभरमा अझै कतिपटक साधिने हो व्यक्ति-व्यक्तिमा फरक पर्न सक्छ ।

संसारमा रहेर सांसारिक प्राप्ति गर्नका लागि मन तथा अन्य कर्मेन्द्रियहरूलाई साध्ने प्रयास गरिरहेका हुन्छौं । यसरी गरिने साधनामा विशेष गरी आफूले गर्दै गरेको कार्यमा निपुणता ल्याउनका लागि, भौतिक वस्तुलाई सहज प्राप्त गर्नका लागि गरिएको हुन्छ । तर विशेषतः आध्यात्मिक यात्रामा गरिने प्रत्येक कर्मलाई भने पुरुषार्थ भनिन्छ । पुरुषार्थ भन्ने शब्द 'पुरुष' र 'अर्थ' दुई शब्दको संयुक्त रूप हो (पुरुष+अर्थ=पुरुषार्थ)। 'पुरुष' भनेको 'आत्मा' तथा 'अर्थ' भनेको 'लागि' अर्थात् पुरुषार्थ भनेको आत्माको लागि भन्ने हो । हुन त साधनामा पनि धेरैजसो कर्महरू आत्माका लागि भएका हुन सक्छन् तर लक्ष्य त्यो नहुन सक्छ, प्रायशः भएको हुँदैन । साधनामा, मनलाई एकाग्र गरेर विभिन्न प्राप्ति गर्न सकिन्छ तथा कर्मेन्द्रियलाई साधेर अनौठा-अनौठा प्रस्तुती दिन सकिन्छ । मनको एकाग्रताको अभ्यासद्वारा लामो समयसम्म एउटै विषयमा अडिइरहनु साधना हो, तर आफूलाई ज्योति बिन्दु आत्मा सम्झिएर लामो समयसम्म परम ज्योति परमात्मामा टिकाएर आफू आत्मामा निहित कमीकमजोरीलाई हटाई निर्मल, शुद्ध, पवित्र/पावन बनाउनु पुरुषार्थ हो । पुरुषार्थ शब्द नै फराकिलो भएको हुनाले यसको बुझाइ अरू किसिमले पनि गर्न सकिएला तर समयको माग अनुसार वर्तमान समयमा परमात्माले दिनुभएको लक्ष्यअनुसार कर्म गर्दै जानु सर्वश्रेष्ठ पुरुषार्थ हो । परमात्माले दिनुभएको पढाइको लक्ष्य हो शक्ति, गुण र कलामा लक्ष्मी नारायणसमान बन्नु । यो लक्ष्य प्राप्तिका लागि हामीले साना-साना कुरामा ध्यान दिनुपर्ने हुन्छ ।

परमात्मा नै सबै शक्तिको स्रोत हुनुहुन्छ त्यसैले उहाँको याद नै आत्मालाई शक्तिशाली बनाउने पहिलो आधार हो । यसबाट प्राप्त शक्तिले हामीले गर्न खोजेको कार्य सम्पादन गर्न सहज बनाउँदछ ।

पुरुषार्थलाई सहज बनाउनका लागि हामीले खाँदा-पिउँदा, हिंड्दा-डुल्दा, उठ्दा-बस्दा परमात्मालाई आफ्नो साथी बनाउन सकौं । कुनैकुनै राम्रा मानिसहरूलाई हामी प्रातस्मरणीय भन्छौं तर परमात्माजस्तो सर्वोत्तम प्रातस्मरणीय यो संसारमा अरु कोही छैन त्यसैले बिहान उठ्नेबित्तिकै नयाँ दिन शुरु भएकोमा परमात्मालाई धन्यवाद प्रकट गर्दै यस अमृतबेला वा ब्रह्ममुहूर्तको समयमा जतिसक्दौ धेरै उहाँको यादमा रहौं अनि उहाँसँग दिनभर साथ रहने प्रतिज्ञा पनि गरौं । खानाको प्रभाव मनमा सिधै पर्ने भएकाले खाना खाँदा 'परमात्माले जुटाएको खाना हो' भन्ने स्वीकार गर्दै उहाँकै साथको अनुभूतिमा खाऔं । समय मिलाएर पटक-पटक उहाँको याद गर्ने अभ्यास बसालौं । सन्ध्याकालमा नियमित एउटै समयमा उहाँको स्मृतिमा बसौं, विशेषगरी बेलुका ७:०० देखि ७:३० बजेको समयमा सबै ज्ञानी, योगी तथा भक्तहरूले भगवान्लाई स्मरण गर्ने र त्यतिबेला वातावरण शुद्ध हुने भएकाले त्यही समयलाई निर्धारित गरौं, सके समयलाई अघि-पछि बढाऔं पनि । सुत्नेसमयमा दिनभरमा गरेका सबै कुरा सम्झिएर परमात्मालाई साम्नेमा देखेर उहाँलाई सुनाऔं । अमूर्त भएपनि मूर्तको महसुसले ती राम्रा कार्य फेरि-फेरि गरिरहन र नराम्रालाई नदोहोऱ्याउन सक्ने शक्ति प्राप्त हुन्छ, प्रेरणा प्राप्त हुन्छ ।

समयको माग अनुसार, साधनामात्र होइन अब पुरुषार्थ पनि गरौं । मन-वचन-कर्मद्वारा हुने सबै प्रयासलाई श्रेष्ठ बनाऔं । 'सके सत् कर्म गरेर आफू आत्मालाई शक्तिशाली बनाऔं, नसके विकर्म गरेर कमजोर नबनाऔं ।'

ज्ञान-योग-धारणाद्वारा आत्मालाई गुणले युक्त बनाउने त्यसपछि सेवाको आधारद्वारा आत्मालाई सम्पूर्ण शक्ति, गुण र कलाले सम्पन्न, बनाउनु नै समयको माग हो । अनेक परिस्थिति त आइरहन्छन् तर तिनलाई सामना गर्नुको सट्टा तिनकै सहायताले वर्तमान समयको पुरुषार्थको यात्रालाई सम्पन्न गर्न सकिन्छ । अप्ठ्याराहरू हाम्रा बाधक नबनून् अगाडि बढ्ने साधन बनून् । ✻

## मधुवनको..........

▶ चित्रको संकल्प अनुसार चरित्र निर्माण हुन्छ । जस्तो हाम्रो संकल्प र दृश्यावलोकन हुन्छ त्यस्तै हाम्रो वृत्ति र संस्कार बन्दछ । स्मृति अनुसार स्थिति बन्दै जान्छ ।

▶ ब्राह्मण पद जात थरले नभई कर्मले हुने रहेछ ।

मेरो जीवनवयको ५ दशकको अवधीको दौरानमा ढिलै भएपनि अनुकूल परिवेश र सम्पर्कले इश्वरीय विश्व विद्यालय ओम् शान्ति आश्रमको निकटताले गर्दा यो मधुवनको अलौकिक अवलोकन रसस्वादन, अनुभूति जे जति गर्न सकें यसमा भएका जीवनोपयोगी गुलियो (मधु) जे जति ग्रहण गरें, ती सबै पक्षहरू यो अनुभवको छोटो लेखमा देखाउने र चखाउने कसरी ? कसरी भनौ कस्तो गुलियो ? कस्तो रसिलो ? कति स्वादिलो ? व्याख्याले जानकारीमात्र होला । आ-आफ्नै ज्ञानेन्द्रियले नै अनुभूत गराउनु पर्ला कि ? सबै असल आत्माहरूलाई यो अलौकिक अनुभूतिको अवसर मिल्ने नै छ । नजिकको सेवा केन्द्रमा सम्पर्क बढ्ने छ । त्यस पश्चात् अनुभव स्वयं हुने छ– कस्तो गुलियो हो ? कस्तो रसिलो हो ?

ज्ञान सरोवरको मनमोहक बगैंचा, ग्लोवल अस्पताल, बाबाको कुटी, आमशान्ति भवन, मनमोहिनी कम्प्लेक्स, ब्रम्हाबाबाको समाधिस्थल, पीसपार्क, नक्कीझिल, सोलारप्लान्ट यी सबै दर्शनीय, अवलोकनीय स्थानलाई सम्झनाका पानाहरूमा भर्दै २०७१ जेष्ठ ३ गते बेलुकी ७ बजेको समय त्रिलोक भवन अगाडि लौकिक आश्रम तिर फिर्ताको लागि लामबद्ध भयौं । मधुवन छोड्दै गर्दा, यो अलौकिक भूमिबाट विदा लिदै गर्दा प्राय सहभागी साथीहरू भन्दै हुनुहुन्थ्यो- फेरि यो प्यारो भूमिमा आउन पाइयोस्" तर मसँग कुनै माग थिएन । मसँग कुनै Complain थिएन, मात्र थियो, कसरी Complete बन्ने ? सेवाको Chance लिएर कसरी Chancellor बन्ने ? राती १० बजे आबु रोडबाट सेवाक्षेत्रतर्फ फर्कियौं । ✻

*सबैको दिलको आशीर्वाद लिइरह्यौ भने तिम्रो पुरुषार्थ सहज हुनेछ ।* ✻ शिवबाबा

# लोभ

✍ ब्रह्माकुमार कृष्णहरि श्रेष्ठ, भरतपुर

अनावश्यक रूपमा अनि आवश्यकताभन्दा बढी कुनै पनि वस्तु, धन सम्पत्ति, खाने कुरा, पद एवं मान सम्मानको प्राप्तिको इच्छा गर्नु नै लोभ हो । अर्काको ईर्ष्या गरेर आफूले पनि त्यस्तै हुन खोज्नु वा अरूले कुनै उपलब्धि हासिल गऱ्यो भनेर आफूलाई आवश्यकतै नपरे पनि त्यस्तो उपलब्धिलाई कुनै पनि रूपले हासिल गर्न खोज्नु नै लोभ हो । अर्काको देखासिकी गरेर आफूलाई अरूभन्दा महान् एवं समृद्ध देखाउन खोज्नु पनि लोभ नै हो । अरूले हात्ति चढे भनेर आफूले छानो चढ्दा, के छानो हिंड्छ र ? लोभ सम्बन्धी एउटा उपाख्यान यहाँ उल्लेखयोग्य ठान्दछु ।

एकदिन एउटा शिकारी शिकारको खोजमा एउटा जंगलमा घुम्दै थियो । अचानक उसले एउटा हरिण देख्यो । उसले तुरुन्तै बाण हानेर त्यसलाई मारिदियो । मरेको हरिणलाई काँधमा बोकेर ऊ घर फर्कंदै थियो । उसले बाटोमा एउटा ठूलो बँदेललाई आफूतिर आइरहेको देख्यो । बँदेललाई देखेर शिकारीको मनमा लोभ जाग्यो । उसले काँधमा बोकेको हरिणलाई भुईंमा राख्यो र बँदेललाई ताकेर  एउटा बाण हानी हाल्यो । बाण लाग्नुमात्रै के थियो घायल बँदेल अचानक उफ्रेर शिकारीमाथि जाइलाग्यो । बँदेलको एक झम्टाइमा नै त्यो शिकारी घुत्रुक्कै भयो । साथै बाण लागेको त्यो बँदेल पनि त्यहीं मऱ्यो । त्यत्ति नै खेर त्यहाँबाट घस्रिँदै गइरहेको एउटा सर्प पनि बँदेलको विशालकाय शरीरले थिच्चिएर भुतुक्कै भयो । साँढेको जुधाई बाछाको मिचाई भनेजस्तो भएर एउटा सर्प अनाहकै मऱ्यो । यत्ति नै बेला त्यहाँ एउटा भोको स्याल आइपुग्यो । अचानकै एउटा मोटो-घाटो हरिणको मृत शरीर, एउटा मानिसको शव, एउटा अजङ्गको मृत बंदेल अनि मृत बँदेलको शरीरले थिच्चिएको एउटा मरेको सर्पलाई एकै ठाउँमा पाएर त्यो स्याल धेरै खुशी भयो र त्यसले आफूलाई खुबै भाग्यमानी सम्झियो । उसले सोच्यो- "आज मेरो भाग्यले बिना मेहनत नै यत्तिका धेरै स्वादिष्ट भोजन प्राप्त भयो । यो भोजनले मलाई दुई चार महिना त आरामसाथ कट्ने भयो । अब म आजलाई सबभन्दा पहिले यो धनुषमा बाँधेको छालाको डोरी नै खान्छु अनि पछि आरामसँग मीठो भोजन गरुँला ।" यस्तो विचार गरेर त्यो लोभी स्यालले शिकारीको धनुषको ताँदोलाई दाँतले काटेर छिनाल्यो । धनुषको डोरी चुँडिनु के थियो त्यो धनुष यत्ति जोडले उफ्रिएर त्यो स्यालको छातीमा लाग्यो कि त्यस्को एउटै चोटले त्यो लोभी अभागी स्याल पनि त्यहीं भुतुक्कै भएर मऱ्यो ।

यसरी आफूलाई अत्यन्तै भाग्यमानी सम्झिएको त्यो स्याल पलभरमै अभागी ठहरिन पुग्यो । यस्तै दुःख र सुखको खेललाई नै जिन्दगी भनिन्छ । भनिन्छ– लोभले लाभ अनि लाभले विलाप । यसरी लोभले जीवनमा दुःख निम्त्याउँछ । यसैले लोभलाई पाँच विकारहरू मध्येको एउटा विकार मानिएको छ । काम, क्रोध, लोभ, मोह र अहंकार नै पाँच महाविकारहरू हुन् । जुन व्यक्ति यी पाँच महाविकारहरूमध्ये कुनै पनि एकको शिकार बन्दछ ऊ त्यही लोभी स्याल झैं महाविनाशलाई प्राप्त गर्दछ ।

यी पाँच महाविकारहरूलाई परमपिता परमात्मा विश्वकल्याणकारी शिव बाबाले मायाको रूपमा चित्रण गर्नु भएको छ र पाँच खोटा पैसाको नाम दिनुहुन्छ । बाबा भन्नुहुन्छ– मेरा प्रिय बच्चाहरू, तिमीहरू मलाई यी पाँच खोटा पैसाहरू देऊ, म तिमीहरूलाई अनमोल हीरा मोतीहरूले सिंगारेर स्वर्गको राज्य भाग्य दिन्छु ।

परमपिता परमात्मा शिव बाबाले यस धर्तीमा अवतरण गर्नु भएर राजयोगको अनुपम एवं अद्वितीय शिक्षाको ज्ञानगंगा प्रवाहित गर्न थाल्नुभएको अठहत्तर वर्ष भइसक्यो । अब बाबा चाँडै नै आफ्नो शान्तिधाम प्रस्थान गर्दै हुनुहुन्छ । राजयोगका चार स्तम्भ– ज्ञान, योग, धारणा र सेवाको अवलम्बन गरेर आफूलाई यथाशीघ्र स्वर्गीय राज्यको उत्तराधिकारी बनाउनु छ । यस भौतिक सुख एवं चमक दमकले भरिएको संसार चाँडै नै विनाश हुनेभएको ले यसको लोभमा फँस्नु छैन, स्वर्णिम भविष्यको निर्माण गर्नुछ । ❋

# जीवन एउटा विराट् यज्ञ हो

✍ब्रह्माकुमार पाण्डव, नारायणगढ

जीवन एउटा विराट् यज्ञ हो,
यस यज्ञभित्र हरेक समस्याहरू जलेर खरानी हुन्छन् ।
जीवन एउटा पवित्र मन्दिर हो,
यस मन्दिरलाई भगवान्ले पनि दृष्टि राखेका हुन्छन् ।।

जीवन एउटा खुल्ला आकाश हो,
यस आकाशभित्र पनि चम्किला ताराहरू हुन्छन् ।
जीवन एउटा निरन्तर बगिरहने पवित्र गंगा हो,
यस गंगामा हरेक मानवले सुख शान्तिको प्यास मेटाएका हुन्छन् ।।

जीवन एउटा यात्रा हो,
यस यात्रामा हिंड्दा उकाली ओरालीमा कठिन परीक्षा आएका हुन्छन् ।
जीवन एउटा विशाल महासागर हो,
यस सागरभित्र पनि अनमोल हीरा र मोती हुन्छन् ।।

जीवन एउटा सुगन्धित फूल हो,
यस फूलभित्र सुन्दरता र सुगन्धरूपी सर्वगुण सम्पन्न हुन्छन् ।
जीवन एउटा त्याग हो,
यस त्यागभित्र पनि धेरै सफलताका रहस्यहरू लुकेका हुन्छन् ।।

जीवन एउटा उपदेश हो,
यस उपदेशको अनुसरणले विपत्तिको समयमा विजयी हुन्छन् ।
जीवन एउटा कला हो,
यस कलामा अरूको दुःख आफूले लिएर आफ्नो सुख अरूलाई दिएका हुन्छन् ।।

जीवन एउटा साधना हो,
यस साधनाबाट नर नारी मर्यादा पुरुषोत्तम बनेका हुन्छन् ।
जीवन एउटा अनुभवको पुस्तक हो,
यस पुस्तकको अध्ययनले कसै कसैले नयाँ जीवनको सुरुवात गरेका हुन्छन् ।।

प्रेम एउटा बलियो शक्ति हो । यसले हामीलाई विशाल उचाइसम्म लगेर हलुको महसुस गराइदिन्छ । वर्तमान समयमा यही शक्ति नै अति दुरुपयोग पनि भएको छ । सच्चा प्रेम समझदारी, आपसी विश्वास र सम्मानमा आधारित हुन्छ नकि साधारण तथा क्षणिक आवेगमा । प्रेम भनेको सन्तुलन हुनु हो, अर्थात् आफू, परमात्मा तथा आपसमा सद्भाव हुनु हो । वास्तवमा प्रेम आत्मामा हुन्छ । हामीले यसलाई हामी बाहिर र वरिपरि फैलिन दिनुपर्छ । विनाप्रेम जीवनका सबै योजना र अनुभवहरू बन्द रहन्छन्, वस्तुतः प्रेम जीवनको चाबी हो । ❋



**काठमाण्डौ** : सेवाकेन्द्रमा आयोजित 'सुख-शान्तिका लागि राजयोग' विचार गोष्ठीपश्चात् ग्रुप फोटोमा त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थल अध्यागमन कार्यालयका उप-सचिव तहसम्मका अधिकृतज्यूहरू, राजयोगिनी राज दिदीज्यू, उ.स. राजेन्द्र अधिकारी, उ.स. सुरेन्द्र पौडेल, ब्र.कु. कुसुम, ब्र.कु. रामसिंह तथा अन्य ।



**शरदपुर, चितवन** : स्वागत तथा अभिनन्दन कार्यक्रममा सम्बोधन गर्नुहुँदै क्षेत्र नं. ४का नव निर्वाचित माननीय सभासद् रामकृष्ण घिमिरे, मञ्चमा अन्य– श्रीमती रमा घिमिरे, ब्रह्माकुमारी मीना, ब्रह्माकुमार अर्जुन तथा समाजसेवी ओम् प्रकाश गौचन ।



**धरान, बरगाछी** : गीतापाठशालाको भवन शिलान्यास गर्नुहुँदै समाजसेवी बमबहादुर श्रेष्ठ, अमर बहादुर श्रेष्ठ, ब्रह्माकुमारी गीता दिदी, ब्र.कु. नानी मैया, ब्र.कु. लिला, ब्र.कु. तुलसी तथा अन्य ।

## ईश्वरीय सेवामा

नाम :

ठेगाना :

# पावन राखी

बाँध, राखी ब्रह्माकुमारी, हौ तिमी विश्वकी दिदी ।
मनाउन मिलन परमात्मासँग, सिकाऊ अब विधि ।
बस्दछु अलग देह भानबाट, गर्दिन म कुनै जिद्दी ।
तिम्रो आशीष वचनले देवी, मिल्दछ मलाई सिद्धी ।।

स्वीकार्नु पर्दछ मित्र हामीले, परमात्माका सत्य कुरा ।
चलिरहेछ परमात्मा रोल, भैसक्यो धर्मपिताको पूरा ।
साक्षात् देवी ब्रह्माकुमारी, भगवान् वाचा बोलिरहेछन् ।
श्रवण गरी मानवहरू, निरन्तर पावन बनिरहेछन् ।।

राखौं श्रेष्ठ संकल्प, देखौं आत्मा सबैलाई ।
लाग्दछ सबै आफ्नै भाई, छैनन् जगत्मा कोही पराई ।
बसाऔं मनमा शिवबाबा, भट्किन्छ फेरी खाली भई ।
म हुँ विश्व परिवर्तक आत्मा, सोचौं हामी आफूलाई ।।

आत्मा सदा पुरुष रह्यो, महिला पुरुष छैन ।
दिव्य ज्योतिलाई नै देखौं हामी, स्थूल रूपलाई होइन ।
भाइ-भाइको दृष्टि पक्का गरौं, पवित्रता झल्काउन ।
दैवी बहिनीहरूलाई दिलैदेखि स्वागत, पवित्र राखी बाँधन ।।

✍ रामकाजी कार्की, सिमरा

**हेटौंडा** : नगर पालिकाद्वारा निर्मित राजयोग सेवाकेन्द्र हेटौंडाद्वारा व्यवस्थापन गरिएको पार्कमा मेन गेटको शिलान्यास गर्नुहुँदै क्षेत्रीय प्रशासक शंकर प्र. कोइराला, माननीय सभासद् इन्द्र बानिया, हार्ट फाउन्डेसनका अध्यक्ष हरिवंश भेटवाल, पूर्व मेयर डोरमणि पौडेल, ब्र.कु. सुशीला दिदी, ब्र.कु. विजय तथा अन्य ।



✵ संरक्षक : निर्देशक ब्रह्माकुमारी राजदिदी ✵ सल्लाहकार : ब्रह्माकुमार रामसिंह ऐर ✵ प्रधान सम्पादक : ब्रह्माकुमार अर्जुन श्रेष्ठ ✵ सम्पादक : ब्रह्माकुमार विजयराज सिग्देल ✵ सह-सम्पादक : ब्रह्माकुमार भागवत नेपाल ✵ प्रकाशक : ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, ॐ शान्ति भवन, नारायणगढ, चितवन। फोन: ०५६-५२०५४७, E-mail:gyanjyoti.monthly@gmail.com, Website:www.bkchitwan.org, www.brahmakumaris.com ✵ मुद्रक : मल्टि ग्राफिक प्रा. लि., बाफल, काठमाण्डौं